# आ.ब. २०७४/०७५ को समिक्षात्मक विश्लेशण

## १. संक्षिप्त वजेटको अवस्था

१.१ गत आ.व. को कुल विनियोजित वजेट रु ३१ करोड ३१ लाख ९६ हजार भएकोमा सो को ७८.४० प्रतिशत अर्थात रु २४ करोड ५४ लाख ५२ हजार खर्च भएको छ। शशर्त अनुदान मध्येको रु १ करोड २५ लाख ४२ हजार रकम खर्च हुन नसकी फिर्ता गएको छ भने वितीय समानिकरण तर्फको वाँकी रकम रु ३ करोड ४६ लाख ७२ हजार चालु आ.व मा समावेश भएको छ।

१.२ वजेटमा प्रस्ताव गरिएको सम्पुर्ण खर्च रकमको स्रोत संघिय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत, अधिल्लो आव सम्मको आन्तरिक कोष रहेका छन्।

## २. २०७४/०७५ मा व्योहोरिएका मुलभुत समस्या

२.१ आवश्यक जनशक्तिको कमी, भौतिक संरचनाको कमी, नीतिगत व्यवस्थाको कमीका साथै परिवर्तित जिम्मेवारी सम्वन्धमा अस्पष्टताको कारण सहज सेवा प्रवाह गर्न निकै कठिनाई व्यहोर्नु पर्यो। यद्यपी सिमित जनशक्तिबाट सेवा प्रवाह सुचारु गर्न भरमग्दुर प्रयास गरिएको थियो।

२.२ आ.व २०७३ /७४ मा सिर्जित दायित्व व्यवस्थापन गर्न नगरपालिकाले निकै समय र मिहिनेत खर्च गर्नु पर्यो।

२.३ अनुगमन सूचक तथा दक्ष जनशक्तिको अभावमा सवै योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन गर्न कठिनाई पर्यो।

## ३. हासिल गरिएका महत्वपुर्ण उपलब्धीहरु

३.१ आ.व. २०७५/०७६ को वजेट तथा कार्यक्रम निर्धारित समयावधी भित्रै व्यवस्थित रुपमा स्वीकृत गरिएको।

३.२ सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउने प्रमुख कडिका रुपमा रहेका विभिन्न १५ बटा ऐन, नियम तथा मापदण्डहरु नगरसभा बाट पारित गरि राजपत्रमा प्रकाशित भएको।

३.३ नगरले लिएको "Clean Jiri, Green Jiri र Organic Jiri" को अवधारणलाई मुर्त रुप दिन नगरभित्रका सबै घरपरिवार समेटी ६३ वटा टोल विकास समिति गठन गरि मुख्य पदाधिकारीलाई तालिम दिई सशक्तिकरण गर्ने प्रयास गरिएको।

३.४ जिरीको गौरवको रुपमा रहेको जिरी ताल निर्माण कार्यलाई प्रथामिकताका साथ अगाडी वढाईएको।

३.५ नगरको ऐनाको रुपमा रहेको पाश्र्वचित्र तयार गरिएको।

३.६ गत आ.व. मा विविध कारणले भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमको अनुगमन गरि यथार्थ कामको आधारमा भुक्तानी व्यवस्थापन गरि फरफारक गरिएको।

३.७ नगरपालिकाको कार्यालय भवन निर्माण सम्पन्न भएको र स्थानीय सामाग्री प्रयोग गरि फर्निचर निर्माणको कार्य भईरहेको।

३.८ नगरभित्रका सवै सडकको नामाकरण तथा मापदण्ड निर्धारण गरिएको।

३.९ नगरभित्र पार्क निर्माण कार्यलाई प्रथामिकताका साथ अगाडी वढाईएको।

३.१० MGML कार्यक्रम विभिन्न १० वटा विद्यालयमा विस्तार गरिएको।

३.११ अनुगमन कार्यलाई प्रभावकारी वनाउँदै लगिएको।

जिरी नगरपालिका

३.१२ आ.व. को अन्त्यमा हतारमा काम गर्ने प्रवृतिलाई निरुत्साहित गर्दै लगिएको।

३.१३ संस्थागत सुशासन अभिवृद्धिमा जोड  दिईएको।

## ४.	विषयगत क्षेत्रको समिक्षात्मक अवस्था

## ४.१ कृषि तथा पशु विकास

४.१.१ अर्गानिक जिरीको अवधारणालाई मुर्त रुपदिने मुख्य क्षेत्रको रुपमा रहेको कृषि क्षेत्रलाई सशक्त र प्रभावकारी वनाउन नगर कृषि विकास समिति तथा नौ वटा वडामा वडा स्तरीय कृषि समिति गठन गरिएको।

४.१.२ दोलखाको पहिचानको रुपमा रहेको किवी खेतीलाई व्यवसायिक वनाउने प्रयास स्वरुप ३००० थान किवि विरुवा वितरण गरिएको।

४.१.३ कृषकलाई खनजोतमा सहज बनाउनकालागि अनुदानमा ३२ वटा मिनि टिलर ट्र्याक्टर तथा अन्न कुटानी गर्नको लागि १४ थान थ्रेसर मेशिन वितरण गरिएको।

४.१.४ लक्षित वर्गलाई समेट्ने गरि युवा लक्षित तरकारी खेतिलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिएको।

४.१.५ उन्नत विउ आलु वितरण गर्ने क्रममा १८५० केजी पि.वि.एस. विउ आलु वितरण गरिएको।

४.१.६ कृषि क्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रुपमा अघि वढाई तदअनुरुप बजेट व्यवस्था गरिएको।

## ४.२ शिक्षा र स्वास्थ्य

### ४.२.२ आ.व. २०७४/०७५ मा सञ्चालित कार्यक्रम

**४.२.२.१** आ.व. २०७४/०७५ मा संघबाट सिधै विद्यालयको खातामा  जाने गरी बजेट विनियोजन भएकोमा कार्यक्रम  कार्यान्वयन निर्देशिका  बमोजिम सबै शिर्षकको रकम  निकासा गरी भुक्तानी  भई बाँकी रकम संघमा नै फिर्ता गरिएको।

**४.२.२.२** शिक्षकहरुको मासिक  तलब  भत्ता  समयमा निकासा गरि दोलखा जिल्लामा नै समयमा निकासा गर्ने स्थानीय तहमा परेको।

### ४.२.३ जिल्ला अस्पताल दोलखा जिरीमा आ.व. २०७४/०७५ मा भएकाकार्यहरु

| सि.न. | विवरण | संख्या |
|---|---|---|
| १ | ओ.पी.डी. विरामी | १८०५९ |
| २ | भर्ना विरामी | १४५६ |
| ३ | इमरजेन्सी विरामी | २०८० |
| ४ | खोपकिलनिक | १०६५जना |
| ५ | एक्सरे | ३३८४ |
| ६ | यु.एस.जी | १७६८ |

| | | |
|---|---|---|
| ७ | ई.एस.जी | २७९ |
| ८ | ल्याव | ५५५६ जना |
| ९ | इन्डस्कोपी | १६जना |
| १० | गर्भवतीजांच | ३३२ जना |
| ११ | सुत्केरी (डेलीभरी) | २७९ जना |
| १२ | सी.एस. | ८८जना |
| १३ | प्याक | ३३ |
| १४ | गर्भपतन | ६२ |
| १५ | मेजर सर्जरी | ११८जना |
| १६ | माइनर सर्जरी (ओ पी डी) | ५४८ जना |
| १७ | माइनर सर्जरी (इन्डोर) | २२२जना |
| १८ | माइनर सर्जरी (इमरजेन्सी) | ६३०जना |
| १९ | पलास्टर | ३५९जना |
| २० | पोस्टमार्टम | ३४जना |
| २१ | भर्ना विरामी मरेको | ९जना |
| २२ | जन्मिना साथ मरेको बच्चा | २जना |
| २३ | विविध सेवा | |

### ४.२.४ २०७४/०७५ मा प्राथमिक स्वास्थ्य तर्फ भएका महत्वपूर्ण कार्यहरु

**४.२.४.१** वडा नं. ८ मा रु.२०,००,०००।- को लागतमा नगर स्वास्थ्य क्लिनिक भवन निर्माण सम्पन्न ।

**४.२.४.२** वडा नं. ७ मारु.६,००,०००।- को लागतमा गाउँघर क्लिनिक भवन निर्माण सम्पन्न ।

**४.२.४.३** महिला स्वाथ्य स्वयम सेविकाहरुलाई पोशाक भत्ता वितरण ।

**४.२.४.४** ठूलोपातल स्वास्थ्य चौकीमा इम्पान्ट सेवा सम्पन्न गरेको ।

## ४.३ पुर्वाधार सम्वन्धी

| वडा नं | जम्मा सम्पन्न योजना | सम्पन्न भएका सडक योजना | खानेपानी योजना | पुल पुलेसा | मठ, मन्दिर, गुम्वा तथा चर्च | विविध (सार्वजनिक शौचालय, पुस्तकालय लगायत) |
|---|---|---|---|---|---|---|
| सवै | १४९ | ९२ | २६ | ७ | १६ | ८ |

*वडा गत रुपमा सम्पन्न भएका योजनाहरुको विवरण अनुसूची १ मा संलग्न छन् ।

## ४.४ योजना तर्जुमामा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनका सम्वन्धमा महशुस गरिएका समस्याहरु:

४.४.१ स-साना योजना र संख्या धेरै हुँदा कार्यान्वयन, अनुगमन मुल्याङ्कन प्रभावकारी रुपमा गर्न कठिनाई ।

४.४.२ कतिपय उपभोक्ताले सम्झौता नै नगरी कार्यान्वयन गर्दा भुक्तानी प्रकृयामा कठिनाई ।

४.४.३ समयमा नै सम्झौता गरी कार्यान्वयन नगर्दा कतिपय योजना कार्यान्वयनको लागि कम समय हुने ।

४.४.४ नगरपालिकामा पर्याप्त प्राविधिक जनशक्ति नहुँदा लागत अनुमान, अनुगमन सुपरिवेक्षण लगायतका काम समयमा सम्पन्न गर्न कठिनाई ।

जिरी नगरपालिका